# तुम्बेवा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

मौवा,पाँचथर
कोशी प्रदेश, नेपाल

प.सं.: ०८१/०८२
च.नं.:

मिति: २०८१/०५/०९
ने.सं.: ११४४ दिल्लागा, ३ बुधबार

**एक पटकका लागि प्रदेश लोक सेवा आयोगको विज्ञापनमा उम्मेदवार हुनका लागि उमेर हद नलाग्ने सम्बन्धी अत्यन्तै जरुरी सूचना ।।।**

प्रदेश लोक सेवा आयोग कोशी प्रदेशको च.नं. २८ मिति २०८१/०४/०७ गतेको प्राप्त पत्रानुसार स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन , २०८० को दफा १६ को खण्ड (ग) को उपखण्ड (३) मा उल्लेख भएको "स्थानीय तहमा कर्मचारी समायोजन हुँदाका बखत स्वीकृत दरबन्दी मध्ये पदपूर्ति गर्नुपर्ने रिक्त दरबन्दीमा अस्थायी, करार नियुक्ति भई स्थानीय सरकार सञ्चालन ऐन, २०७४ प्रारम्भ हुँदाका बखतसम्म सेवामा अविच्छिन्न रुपमा कार्यरत रहेका र न्यूनतम शैक्षिक योग्यता हासिल गरेका स्थानीय सरकारी सेवाका अस्थायी, करार कर्मचारीलाई यो प्रारम्भ भएपछि प्रदेश लोक सेवा आयोगबाट एक पटकका लागि त्यस्ता कर्मचारीहरुमात्र सहभागी हुन पाउने गरी विज्ञापन प्रकाशन गरिनेछ । उक्त विज्ञापनमा उम्मेदवार हुन त्यस्ता कर्मचारीलाई उमेर हद लाग्ने छैन " भनी ऐनमा भएको व्यवस्था सहित परिपत्र भएको हुनाले यस गाउँपालिकामा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ प्रारम्भ हुनुभन्दा अगाडि देखि अविच्छिन्न रुपमा गाउँपालिकाको स्वीकृत दरबन्दी भित्र अस्थायी, करार सेवामा कार्यरत कर्मचारी भएमा निजले आफ्नो सेवा अवधि प्रमाणित गर्ने आवश्यक कागजात सहित आजका मितिले ७ दिनभित्र यस कार्यालयमा सम्पर्क गर्नुहुनका लागि यो सूचना प्रकाशित गरिएको छ ।

.............................................
केशव कुमार थापा
नि.प्रमुख प्रशासकीय अधिकृत

जय तुम्बेवा